BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Research Journal*
ISSN: 2594-3421

# ‘परिबन्द’ कथामा सबाल्र्टन

राजेन्द्र गिरी*


### अध्ययनको सारांशीकरण

*प्रस्तुत लेख सांस्कृतिक अध्ययनको विषयसँग सम्बन्धित छ। सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण उपकरण सबाल्र्टन हो। यो साहित्यको नवीन समालोचना पद्धतिसँग सम्बन्धित छ। यसले पहिचान र प्रतिनिधित्व, आवाज र प्रतिरोध र शक्ति केन्द्रसँग सम्बन्धित भएर विश्लेषण गर्नुपर्ने मान्यता राख्छ। प्रस्तुत अध्ययन यही मान्यतामा केन्द्रित छ। यस ‘परिबन्द’ कथामा रहेको पहिचान र प्रतिनिधित्वका आधारमा सबाल्र्टनको खोजी गर्दै तिनको विश्लेषण गरी उक्त कथामा सबाल्र्टन पहिल्याउने काम गरिएको छ।*


**प्रमुख शब्दावली**: *परिबन्द, सबाल्र्टन, पहिचान, प्रतिनिधित्व, लैङ्गिक, प्रतिरोध, चेतना, आवाज, प्रभुत्वशाली।*

## १ विषय परिचय

पुष्कर शमशेर (वि.सं. १९५८–२०१८) द्वारा लिखित कथा हो । पुष्कर शमशेर सामाजिक पृष्ठभूमिमा आधारित विषयवस्तुलाई तार्किक शैलीमा प्रस्तुत गर्ने कथाकार हुन्। सर्वप्रथम सूर्यविक्रम ज्ञवालीको सम्पादनमा वि.सं. १९९५ मा प्रकाशित **कथाकुसुम** कथासङ्ग्रहमा ‘परिबन्द’ कथा प्रकाशित भएको हो। उनका कथामा पात्रले बाह्य परिवेशद्वारा सृजित जटिलताका कारण पात्रले भोगेको आन्तरिक द्वन्द्वको प्रस्तुति पाइन्छ। यस कथामा राणा शासकको न्याय प्रणालीद्वारा परिबन्दका नाममा फसाइएका तथा अन्यायमा पारिएका सबाल्र्टन (सीमान्तीकृत) पात्रको दयनीय अवस्थालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ।

सत्ता र केन्द्रबाट कुनै न कुनै रूपमा पछाडि वा तल पारिएको वर्गलाई सबाल्र्टन भनिन्छ। इतिहासमा सत्ता वा शक्तिकेन्द्रबाट जातीय, वर्गीय, भाषिक, लैङ्गिक, राजनीतिक, क्षेत्रीय आदिका आधारमा मानिसहरूलाई सबाल्र्टन बनाइएको हुन्छ। समाजमा उनीहरूको महत्त्वपूर्ण योगदान हुँदाहुँदै पनि कदर गरिएको हुँदैन। यसरी उपेक्षामा परेको वा सबाल्र्टन बनाइएको वर्गको अध्ययन नै सबाल्र्टन अध्ययन हो । यो सांस्कृतिक अध्ययनको विषय क्षेत्रभित्र पर्दछ । यसलाई सांस्कृतिक अध्ययनकै एक उपकरणका रूपमा लिइन्छ। सांस्कृतिक अध्ययनले साहित्यिक कृति वा पाठमा प्रस्तुत संस्कृतिका अनेक पक्षलाई विश्लेषणको विषय बनाउँछ। तीमध्येको एक पक्ष सबाल्र्टन अध्ययन पनि हो । सबाल्र्टनको अध्ययन नेपाली साहित्यका कृतिहरूमा पनि प्रारम्भ भएको छ। प्रस्तुत यस अनुसन्धानमा प्रतिनिधित्वको संरचनामा सबाल्र्टनको अध्ययन विश्लेषण गरिएको छ।

## २. विश्लेषणको पर्याधार

सबाल्टर्न अध्ययन सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण उपकरण हो। सांस्कृतिक अध्ययनले संस्कतिलाई परम्परागत रूपमा भन्दा भिन्न र व्यापक रूपमा ग्रहण गरेको छ। सांस्कृतिक अध्ययनले मानव तथा समुदायका सांस्कृतिक व्यवहारहरू र शक्ति (सत्ता) सँग त्यसको सम्बन्धलाई जोडेर हेर्ने उद्देश्य राखेको हुन्छ (पाण्डेय, २०७० : १७५)। सांस्कृतिक अध्ययनले व्यक्ति वा समुदायको सांस्कृतिक व्यवहार र क्रियाकलापमा शक्तिको प्रत्यक्ष प्रभाव रहेको हुन्छ भन्ने कुरामा विश्वास

* Mr. Giri is Part Time Faculty in Nepali at Birendra Multiple Campus

गर्दछ । सांस्कृतिक अध्ययनअन्तर्गत नारीवाद, जातीय अध्ययन, लैङ्गिक अध्ययन, शरीर, राजनीति, उपभोक्तावादी संस्कृति, सबाल्र्टन (सीमान्तीयता) अध्ययन आदि विषयहरूको अध्ययन हुन्छ।

सबाल्र्टनको अध्ययन सांस्कृतिक अध्ययनकै एक विषय हो । सबाल्र्टन खास गरी अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा भित्रिएको प्रचलित आगन्तुक शब्द हो । यसको शाब्दिक अर्थले अरूभन्दा तलको भन्ने बोध गराउँछ । यसका लागि नेपाली भाषामा अधिनस्थ, उत्पीडित, उपेक्षित, दमित, शोषित, श्रमिक, सर्वहारा, किनारीकृत, सीमान्तीकृत, पहुँचविहीन, शक्तिविहीन, आवाजविहीन, तिरस्कृत, अवरजन आदि शब्दको प्रयोग गर्न सकिने भए पनि सबाल्र्टन शब्द बहुप्रचलन रहेको पाइन्छ। खास गरी सत्ता वा शक्तिकेन्द्रमा पहुँच नभएको, पछाडि वा तल पारिएको वा तल पारिएको वा पर्न विवश पारिएको वर्ग नै सबाल्र्टन हो । प्रभुत्वशाली वर्ग वा समूह विपरीतको वर्ग वा समूहका रूपमा यसलाई बुझ्ने गरिन्छ। सबाल्र्टनले आमजनता, सर्वसाधारण, भुइँमान्छे, सामान्यजनलाई बोध गराउँछ । गरिब, किसान, मजदुर, सेवक, दास, महिला, तेस्रोलिङ्गी, गाउँले, जनजाति, दलित, निरक्षर, द्वन्द्वपीडित, दुर्गम क्षेत्रका बासिन्दा, हरेक कोणले पहिचान गुमाएका आदिलाई पनि व्यापक अर्थमा अवरजन वा सबाल्र्टनको रूपमा बुझ्न सकिन्छ । बेलाबखत विदेशी दवाव, प्रभाव वा हस्तक्षेमा परेर सत्ताधारी सभ्रान्त वर्ग, सम्पूर्ण समाज वा पूरै देश पनि अवरजनको स्थितिमा पुग्ने देखिन्छ (शर्मा, २०७० : ३१५) भन्ने अवधारणा पनि यस सन्दर्भमा उल्लेखनीय छ। सबाल्र्टन भन्ने कुरा पनि देश, काल र सन्दर्भसापेक्ष हुन्छ । विश्व रङ्गमञ्चलाई हेर्दा अमेरिकालगायतका शक्तिसम्पन्न र विकसित राष्ट्रका सापेक्षतामा अरू राष्ट्र, पश्चिमी जगत्मा गोराका सापेक्षतामा काला, क्रिस्चियनका सापेक्षतामा मुस्लिम र अन्य, दक्षिण एसियामा भारत बाहेकका नेपाल, भुटान आदि राष्ट्र र नेपालका हिन्दुका सापेक्षतामा अन्य धर्मावलम्बी, भूगोल र सुविधाजनक क्षेत्रका तुलनामा नेपालका कर्णाली क्षेत्र तथा अन्य दुर्गम क्षेत्र मधेस, पूर्वका तुलनामा पश्चिम, बाहुन र क्षेत्रीबाहेकका अन्य जातजातिका मानिस आदि सबैलाई सबाल्र्टनअन्तर्गत नै राख्न सकिन्छ। साहित्यका दृष्टिले भन्ने हो भने शिष्ट लेख्य साहित्यका तुलनामा लोकसाहित्यलाई ग्राम्य र अशिष्ट भन्ने गरिएको हुँदा त्यो पनि सबाल्र्टनअन्तर्गत नै पर्न जान्छ । यसमा कहिलेकाहीँ शक्तिकेन्द्र भङ्ग भई सबाल्र्टनको पहिचानमा परिवर्तन पनि आउन सक्छ। निष्कर्षमा भन्नुपर्दा जसको आवाज, अस्तित्व, पहिचान, प्रतिष्ठा, श्रम, भावना, विचार, क्षमता आदिको कदर वा सम्मान भएको छैन, त्यही वर्ग, समुदाय वा व्यक्ति नै सबाल्र्टन हो।

सर्वप्रथम इटालेली नवमार्क्सवादी चिन्तक एन्टोनिया ग्राम्चीले निम्नवर्ग र सर्वहारावर्गका निम्ति सबाल्र्टन (Subaltern) शब्दको प्रयोग गरेका हुन् । यस चिन्तनका प्रतिपादक, उन्नायक, विस्तारक र केन्द्रीय विचारकका रूपमा ग्राम्चीलाई मान्ने गरिन्छ । उनले प्रभुत्व (हेजेमोनी) का सन्दर्भबाट सबाल्र्टनलाई हेरेका छन् । उनको सबाल्र्टनसम्बन्धी मान्यताको प्रभाव युरोप, दक्षिण एसिया र अन्य मुलुकहरूमा पनि परेको छ। भारतमा इतिहासविद् रञ्जित गुहाको नेतृत्वमा सबाल्र्टन अध्ययन समूह (Subaltern Studies Group -1982) को गठन गरी अध्ययनलाई अघि बढाएको पाइन्छ। खासगरी इतिहासलाई नयाँ ढङ्गबाट हेर्ने कुरामा यसले जोड दिएको छ। परम्परागत इतिहासमा शासित, सर्वसाधारण, आमजनता तथा सीमान्तीकृत वर्गलाई कुनै स्थान दिइएको छैन। शासकवर्गको गुणगान गर्ने, वर्णन गर्ने र महत्त्वपूर्ण स्थान दिएर वा सम्मानजनक बनाएर उल्लेख गर्ने परिपाटी बसाल्ने काम अहिलेसम्मको इतिहास लेख्ने र त्यसलाई निर्देशन दिनेहरूले गरेका हुन् । उनीहरू निम्नवर्ग वा सबाल्र्टनप्रति पूर्वाग्रही, दुराग्रही, कठोर, सङ्कुचित र नकारात्मक छन् । उनीहरू सबाल्र्टनलाई सधैं अधीनस्थ बनाइराख्न चाहन्छन् । यस सन्दर्भमा प्रस्तुत भनाइ महत्त्वपूर्ण छ – "सत्ता, शक्ति, वर्चस्व, आधिपत्य मुठ्याएर केन्द्रले कहिल्यै आफू समान हुन दिँदैन, परपरै पन्छाएर त्योमाथि अरन–खटन र आफ्नै योजना मात्रै कार्यान्वित गरिरहन्छ" (सुब्बा, ई. २०११ : ८३) । प्रभुत्वशाली वर्गले सबाल्र्टन (अधीनस्थ) समूहलाई अनेक जाल रचेर दबाइरहेको हुन्छ भन्ने तथ्यलाई उपर्युक्त भनाइले पुष्टि गर्दछ । त्यसैले त सबाल्र्टन अध्ययन समूहले इतिहासको

नवलेखनमा जोड दिएको छ। परम्परागत इतिहास लेखन माथिबाट तलको क्रममा उल्टो हुने गरेको थियो भने अब त्यसलाई सुल्ट्याएर तलबाट माथिको क्रममा लेख्नु पर्छ भन्ने मान्यतालाई यसले सशक्त बनाएको छ। उत्पादनका हरेक क्रियाकलापमा सबाल्र्टनको महत्त्वपूर्ण योगदान रहेको हुन्छ। उनीहरूको रगत र पसिनाको उपयोगबाट समाजको उत्पादन प्रक्रिया सञ्चालित हुन्छ तापनि उत्पादनको प्रतिफलको वितरण र उपभोग गर्नबाट यो वर्ग सधैं उपेक्षित रहँदै आएको छ। प्रभुत्वशाली वर्गले लादेको ज्ञान र सत्यलाई स्वीकार्न यसलाई बाध्य पारिएको हुन्छ। यसरी सबाल्र्टन वर्गका मानिसहरूको आवाजलाई सुनिँदैन, सुनुवाइ नै हुँदैन। यदाकदा उठ्ने गरेका भए पनि त्यसलाई दबाइन्छ र आवाजहीन बनाइन्छ। सबाल्र्टन अध्ययनले साहित्यमा रहेको यस्तो स्थितिलाई केलाएर हेर्दछ।

सबाल्र्टन समूहले दशवटा ग्रन्थहरू प्रकाशित गरेका छन्। यसका अनुयायीहरू मार्क्सवादी पृष्ठभूमिबाट आएका हुन्। सबाल्र्टन अध्ययन मार्क्सवादसँग नजोडिएको भए पनि नजिक भने छ। मूल मार्क्सवादसँग भने यसलाई त्यति नजिक मानिँदैन। आफ्नो विस्थापनको लागि ल्याएको आरोप लगाई मूल मार्क्सवादीले यसलाई अस्वीकार र आलोचना गर्दछन्। साहित्यमा सबाल्र्टनको अध्ययन गर्ने कुरामा गायत्री चक्रवर्तीको योगदान रहेको छ। Subaltern Studies को चौथो ग्रन्थमा छापिएको उनको *Literary Representation of Subaltern* शीर्षकको लेखमा सबाल्र्टनका कोणबाट साहित्यको अध्ययन गर्ने प्रक्रियाको चर्चा गरिएको छ। उनकै **Marxism and Interpretation of Subaltern** ग्रन्थको *Can Subaltern Speak ?* शीर्षकमा छापिएको लेखमा सबाल्र्टनको आवाजका बारेमा उल्लेख गरिएको छ। उनले आफ्नो अध्ययनलाई मार्क्सवाद, नारीवाद, उत्तरऔपनिवेशिकवाद र साम्राज्यवादसँग जोडेर प्रस्तुत गरेकी छन्। सबाल्र्टन अवधारणले सामान्यतया सामाजिक राजनैतिक र भौगोलिक रुपमा प्रभावशाली शक्ति संरचनाबाट बाहिर रहेका व्यक्तिहरुलाई जनाउँदछ (देवकोटा ओझा ! २०६६:५३)। त्यसैले सबाल्र्टन अध्ययन उपेक्षित वर्ग वा पात्रका कोणबाट साहित्यको अध्ययन गर्ने पद्धतिका रूपमा विकसित भएको छ। यसै पद्धतिलाई आधार मानेर परिबन्द कथाको सबाल्र्टन विश्लेषण गरिएको छ।

## ३. ...परिबन्द□ कथाको सबाल्र्टन विश्लेषण

पुष्कर शमशेरद्वारा लिखित 'परिबन्द' कथा अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण छ। यस कथाको सबाल्र्टन अध्ययनलाई निम्न उपशीर्षकमा विभाजन गर्नु उपयुक्त हुन्छ :

## ३.१ ...परिबन्द□ कथाको आख्यान सन्दर्भ

'परिबन्द' तत्कालीन सामाजिक विषयवस्तुमा आधारित कथा हो। यस कथाको मूल केन्द्रीय पात्र रने निर्दोष भएर पनि लाहुरेको हत्या गर्ने अपराधी सावित हुन पुगेको छ भने हत्या गर्ने व्यक्ति निर्दोष बन्न पुगेको देखाइएको छ।

हैजाले गर्दा सबै परिवारजनको मृत्यु भएपछि एक्लो बनेको रने (रणबहादुर गुरुङ) को केही दिनपछि गुरुज्यूकहाँबाट निस्केर घर जाने साथी खोज्दै गरेकी सेती (रामवदन) सँग बानेश्वरमा भेट हुन्छ। पूर्व खोला जाने मान्छे कोही छ कि भने सेतीले रनेलाई सोधेपछि दुवैको परिचय हुन्छ। सेतीले रनेको घर हेर्ने मन गरी, सँगै गई, बसी र पछि दुवै घरजम गरेर बसे। दिउँसो सेतीलाई लाहुरेले तान्दा रनेले नमारी छाड्दिन भनेको थियो। बेलुकी आफन्तकहाँ खाना खाएर अबेरसम्म अलमल गरेका रने र सेती घर आएर सुत्ने तरखरमा थिए र घुस्स फुलेको रनेसँग बोल्ने निहुँमा ढिकीच्याउँलाई देखाएर सेतीले त्यसको नाम सोध्दा रनेले जुत्ताले हानेर किरालाई मारिदियो। त्यसै बेला सेतीले 'नमार ! नमार!', 'हरे ! वैकुण्ठवास होस्' भनेकी थिई जुन कुरा बाटामा हिँड्दा काल्चा नेवारले सुनेको थियो।

पल्लो कोठामा गुनगुन गरेको सुनिन्छ र पछि ढुङ्ग गरेको ठूलो आवाज आउँछ। रने लाहुरेले केही गडबडी गरेको ठानी त्यता जान खोज्दा झगडा फेरि हुने ठानेर सेतीले रोकी। दैलाको प्वालबाट चियाउँदा टोपी लगाएको नचिनिने मान्छे भाग्यो।

लाहुरे भएको ठाउँमा पुग्दा ऊ त काटिएर मर्ने स्थितिमा पुगेको रहेछ। रनेले टाउको सोभ्याएर पानी खुवाइदिने बित्तिकै उसको मृत्यु भयो। रनेले शरीरमा कता–कता रगत लाग्यो थाहै पाएन। दिउँसो ऊसँग भगडा गरेकोमा उसलाई पश्चाताप भयो। द्वारेलाई खबर गर्न जान खोज्दा आफैलाई आरोप लाग्ने डरले आँटै गरेन। ऊ के गर्ने भन्ने कुराको टुङ्गोमा पुग्न नसकी सोचमग्न भयो। पछि भाग्दा–भाग्दै ऊ समातियो। सोभ्रो रने डरले गर्दा ढाँटेको कुराले पनि अप्ठेरोमा पऱ्यो।

अन्ततः उसलाई हत्यारा साबित गराइयो। उसका विपक्षमा धेरै प्रमाणहरू जुटाइए। विचारी पद्मनिधि लामिछानेले उसलाई दया गरेर निर्दोष हुन सक्ने बताएभैँ गरी परिबन्दको लामो ब्याख्या छाँट्यो र उम्कन नसक्ने बतायो। उसले गरेका परिबन्दका र कानुनका तर्क रनेले एकोहोरो सुनिरह्यो। पश्चिम दुई नम्बर अदालतले उसका विपक्षमा गरेको फैसलालाई तेस्रो फाँटको सुब्बा बाजेले पनि सदर गरिदियो। रनेले बिन्ती हजुर गरे पनि त्यसको सुनुवाइ हुने सम्भावना रहेन। रनेले नेल लगाई हात बाँधेर लाँदै गर्दा आफूलाई जसरी सुख हुन्छ, त्यसरी नै गरेर खान र नरुन सेतीलाई सल्लाह दियो। छुट्टिने बेलामा 'रिजिमेन्टले दोषी ठहऱ्याए पनि तेरो मनमा त म चोखै छु हगि ?' भनी सेतीसँग समर्थन माग्दा उसले टाउको हल्लाई र रुन थाली। सेतीले दिएको समर्थनमा सन्तुष्ट भएको रनेलाई लाँदै गरेको दृश्य सेतीले हेरिरही। यसरी यो कथा टुङ्गिएको छ।

## ३.२ ...परिबन्द☐ कथामा सबाल्र्टनको पहिचान र प्रतिनिधित्व

'परिबन्द' सबाल्र्टनलाई केन्द्रीय पात्र बनाइएको कथा हो। यस कथामा सबाल्र्टन र प्रभुत्वशाली दुवै खालका पात्रको प्रतिनिधित्व गराइएको छ। लेखक कथाकार प्रभुत्वशाली वर्गका व्यक्ति भएर पनि कथामा सबाल्र्टन पात्रलाई समावेश गर्नु महत्त्वपूर्ण कुरा हो। उनले सबाल्र्टन पात्रको पहिचानलाई पनि महत्त्व दिएका छन्। रनेजस्तो निर्दोष पात्रलाई हत्यारा बनाई नेल र हत्कडी लगाएर कारागारमा पठाइएको घटनाले पाठकका मनमा ऊप्रति सहानुभूति उब्जाएको छ। यस कथामा उपस्थित गराइएका पात्रहरूको पहिचान र प्रतिनिधित्वलाई पनि वर्गीकृत गरी अध्ययन गर्नु उपयुक्त हुन्छ।

### ३.२.१ वर्गीय पहिचान र प्रतिनिधित्व

वर्गले आर्थिक आधारमा गरिएको विभाजनलाई बुझाउँछ। 'परिबन्द' कथामा आर्थिक दृष्टिले प्रभुत्वशाली (सम्पन्न) र सबाल्र्टन (विपन्न) दुवै खालका पात्रको पहिचान र प्रतिनिधित्व रहेको छ। यस कथामा मुख्य पात्रहरूमा रने, सेती, पुरानो विचारी, पद्मनिधि लामिछाने गुरुज्यू र लाहुरे रहेका छन् भने सहायक तथा गौण पात्रहरूमा सुब्बा बाजे, द्वारे, भोजराज बाजे र लालबहादुर रहेका छन्। यीमध्ये रने, सेती र लाहुरे सबाल्र्टन पात्र हुन्। लालबहादुर, द्वारे र काल्चा नेवारको वर्गीय पहिचान नखुलाइएको भए पनि सबाल्र्टन पात्र नै हुन भन्न सकिन्छ किनभने कथामा प्रभुत्वशाली पात्र र लेखक कथाकारले उनीहरूलाई अनादरार्थी शब्द प्रयोग गरेका छन्। विचारीले लालबहादुरलाई बोलाएर 'ए लालबहादुर ! कैदीलाई भित्र ले !' (पृ. ७४) भनेको छ। सम्पन्न भएको भए त्यसरी सम्बोधन गरिने थिएन। त्यस्तै काल्चा नेवार जातिबोधक शब्द राख्दैन। काल्चा नाम पनि वास्तविक नभई अरूले बोलाउने नाम हो भन्ने बुझिन्छ। अरूले राखिदिएको अवास्तविक नामबाट चिनिने ऊ पनि सबाल्र्टन पात्र नै हो। सम्पन्न वा प्रभुत्वशाली पात्रको त्यस्तो नाम हुँदैन र त्यसरी बोलाइँदैन, चिनाइँदैन। द्वारे शब्दले ढोके अर्थ दिन्छ। ऊ पनि विपन्न वर्गको र तल्लो दर्जाको जागिरे हो भन्ने बुझिन्छ। सम्पन्न वर्गको पात्र भएको भए नामै नभनी 'द्वारे' भनिँदैनथ्यो र भने पनि त्यसका पछाडि बा, दाइ वा यस्तै केही जोडिन्थ्यो। यिनीहरूको सामान्य प्रतिनिधित्व र भूमिका कथामा भए पनि पहिचानलाई भने त्यति खुलाइएको छैन।

रने (रणबहादुर गुरुङ) यस कथाको प्रमुख तथा केन्द्रीय पुरुष पात्र हो। बाइस वर्षे ऊ हैजाले परिवारका सबैको मृत्यु भएपछि एक्लो बनेको र रिफेलमा भर्ना भएको छ। आर्थिक विपन्नताका कारण ऊ रिफेलमा भर्ना भएको छ। उसको धन, सम्पत्ति र जग्गा–जमिन नखुलाइएको भए पनि साँभसम्म बारीमा काम गरेको, टुकी, भोटो किलामा सिउरेको, प्वाल परेको दैलो भएको घर आदि प्रसङ्ग उसको विपन्नताको सूचक हुन्। अशिक्षित हुनु, कामकाजको भाषा नेपाली राम्ररी बोल्न नजान्नु, वास्तविक नाम रणबहादुर गुरुङ भए पनि रने भनेर सम्बोधन गरिनु, विपन्न सेतीलाई सहजै स्वीकारेर

घरजम गर्नु तत्कालीन सामाजिक, आर्थिक परिवेशमा विपन्नताकै सूचक हुन्। उसको वर्गीय पहिचान कथामा परोक्ष रूपमा खुलाइएको छ।

यस कथाकी एक मात्र नारी पात्र सेती (रामवदन) रनेकी पत्नी हो। पहिला गुरुज्यू कहाँ काम गर्न बसेकी ऊ विपन्न पात्र नै हो। तल्लो दर्जाको कामदार भएकाले र धेरै पैसा नपाइने भएकोले उसले त्यो काम छोडेकी हो भन्ने बुझिन्छ। अशिक्षित हुनु, अड्डा–अदालतका कुरा नबुझ्नु, सकारात्मक निर्णयको आस गरेर बस्नु र विपन्न वर्गकै रनेसँग घरजम गरेर बस्नु उसको विपन्नताका सङ्केत हुन्।

लाहुरेका साथमा केही रकम भए पनि उसले लाहुर गएर कमाएको हो भन्ने बुझिन्छ। दुःख गरी कमाएको धनको र आफ्नो सुरक्षा दिने खालको पक्की घर उसको छैन। सम्पन्न भएको भए उसलाई वास्तविक नामले सम्बोधन गरिन्थ्यो वा लाहुरे शब्दका पछाडि कुनै आदरसूचक शब्द जोडिएको हुन्थ्यो। उसले कमाएको धनबाहेक अन्य धन–सम्पत्तिको परिचायक कुरा कथामा उल्लेख नभएकाले ऊ विपन्न वर्गकै पात्र हो भन्ने बुझिन्छ।

पुराने विचारी पद्मनिधि लामिछाने शिक्षित, त्यस बेलाका ठूलै जागिरे तथा तर्क र बहस गर्न सक्ने पात्र हो। आर्थिक दृष्टिले ऊ सम्पन्न वा प्रभुत्वशाली वर्गको पात्र हो। ऊ विपन्न रनेप्रति दया र सहानुभूति दर्शाएजस्तो गरेको भए पनि त्यसका पक्षमा लागेको भने देखिँदैन। सुब्बा बाजे पनि सम्पन्न वर्गका पात्र हुन्। जागिरे कर्तव्य निर्वाह गरेको ऊ पनि सबाल्र्टन पात्रप्रति खास सकारात्मक देखिँदैन। गुरुज्यू पनि अरूलाई काममा खटाउने सम्पन्न पात्र हो।

### ३.२.२ जातीय पहिचान र प्रतिनिधित्व

'परिबन्द' कथा सबाल्र्टन पात्रको जातीय पहिचानका दृष्टिले पनि महत्त्वपूर्ण छ। हाम्रो सन्दर्भमा जातीय दृष्टिले ब्राह्मण र क्षेत्री अभिजात वर्ग (प्रभुत्वशाली) भित्र पर्दछन् भने जनजाति, दलित र आदिवासी सबाल्र्टनअन्तर्गत पर्दछन्। यस कथामा दलित र आदिवासीको खास प्रतिनिधित्व गराइएको छैन। कथाको रने गुरुङ जनजातिको सबाल्र्टन पात्र हो भन्ने कुरा उसको वास्तविक नाम रणबहादुर गुरुङ भएकाले प्रस्ट हुन्छ। उसलाई जातीय विभेद गरी रने मात्र भनिएको छ। सोझो गुरुङ भएकाले धेरै गल्ती गरेको, लाहुरेलाई पानी खुवाउँदा रगत लाग्ने कुराको याद नगरेको, दायाँबायाँ र अघिपछिको कुरा सोच्न नसकेको र आवेशमा झगडा गरेको र पछि पछुताएको हो भन्ने अर्थ लगाइएको छ। जातीय दृष्टिले उसको प्रतिनिधित्व र पहिचान कथामा प्रस्तुत भएको छ र जातीय उत्पीडनमा परेको छ भन्ने कुरा स्पष्ट छ। सेती पनि रनेजस्तै मङ्गोल वा जनजातिकी पात्र हो भन्ने अनुमान गर्न सकिन्छ। कथाकारले उसको जातीय पहिचान दिने थर उल्लेख गरेका छैनन्। त्यस्तै लालबहादुर ब्राह्मण होइन भन्ने प्रस्ट छ। द्वारे र लाहुरेको पनि जातीय पहिचान प्रस्ट रूपमा उल्लेख गरेको पाइँदैन। यति हुँदाहुँदै पनि यी जनजातिका सबाल्र्टन पात्र हुन् भन्ने अनुमान भने गर्न सकिन्छ। काल्चा नेवार पनि जनजातिकै पात्र हो। यी पात्रप्रति अभिजात वर्गका पात्रहरूले हेपेर बोलेको र आदेशको भाषा प्रयोग गरेको पाइन्छ। अतः यी पात्र कुनै न कुनै रूपमा जातीय सबाल्र्टनमा परेको पाइन्छ। काल्चा नेवारको जातीय पहिचान खुलेको छ तर कथामा उसको सक्रिय भूमिका छैन। यिनीहरू सबाल्र्टन पात्रप्रति खास सकारात्मक छैनन्।

### ३.२.३ लैङ्गिक पहिचान र प्रतिनिधित्व

'परिबन्द' कथालाई सबाल्र्टनको लैङ्गिक पहिचान र प्रतिनिधित्वका दृष्टिले पनि विश्लेषण गर्न सकिन्छ। लैङ्गिक दृष्टिले पात्रहरू पुरुष, महिला र तेस्रोलिङ्गी वा समलिङ्गी गरी तीन किसिमका हुन्छन्। यी तीनमध्ये पुरुष प्रभुत्वशाली पात्र मानिन्छ भने महिला र तेस्रोलिङ्गी सबाल्र्टनभित्र पर्दछन्।

यस कथामा एकजना सेतीबाहेक सबै पात्र पुरुष मात्र छन्। सेती कथाको केन्द्रीय पात्र रनेकी पत्नी हो। खास जातीय पहिचान नखुलाइएको भए पनि ऊ निम्नवर्गकी र जनजातिकी महिला हो भन्ने बुझिन्छ। ऊ गुरुज्यूकहाँ काम गर्न बसेकी

कामदार हो। ऊ अरूको लहैलहैमा घर जान हिँडेकी छ र साथी खोजेकी छ। साथी खोज्ने क्रममा रनेलाई नै आफूखुसी जीवनसाथी रोजेकी छ। ऊ केही स्वतन्त्र प्रकृतिकी महिला हो। लाज मान्ने रनेलाई आफै अघि सरेर मायाप्रीति गाँसेकी छ र एक्लो रनेसँगै बस्न, सुत्न गएर पतिका रूपमा वरण गरेकी छ। कथामा खुलाइएको पहिचानका आधारमा ऊ मायालु प्रकृतिकी देखिन्छे। सामान्य गृहिणीका रूपमा उसले पति रनेलाई साथ दिएकी छ। महिला पात्र भए पनि ऊ पतिबाट माया र सद्भाव पाएकी नारी हो। पतिसँगै इष्टमित्र कहाँ जाने, खाने र बारीमा सँगै काम गरी घरमा आएर सँगै बस्ने गरेको देख्दा ऊ लैङ्गिक दृष्टिले खास उत्पीडनमा परेको देखिँदैन। ढिकीच्याउँलाई रने पतिले मार्न खोज्दा नमार भनेकी भए पनि उसले भनेको रनेले टेरेको छैन तर राति एक्लै लाहुरेकहाँ जानबाट रनेलाई रोकेकी छ। यसरी घर–परिवारमा पतिबाट उसको केही कदर भएको पाइन्छ। सामाजिक रूपमा भने ऊ लैङ्गिक उत्पीडनमा परेकी सबाल्र्टन पात्र हो। दिउँसो उसलाई लाहुरेले तानेको छ र त्यसै कारणले रने र लाहुरेको झगडा परेको छ। उसको चरित्रका रूपमा अरू कुरा भने खुलाइएको छैन। ऊ खराब चरित्रकी नारी हो भन्ने कुराको सूचक कथामा पाइँदैन। कीरालाई मार्दा र लाहुरेको मृत्यु देख्दा सामान्य नारीमा हुने दया र संवेदना उसमा पनि पैदा भएको छ। ऊ शिक्षित र सोझी छे। कानुन र परिबन्दका कुरा ऊ बुझ्दिन। पति निर्दोष भएकाले छुट्नुपर्ने ठान्नु, आशावादी हुनु, प्रतीक्षा गर्नु, पतिलाई नेल लगाएर लैजाँदा आँसु झारेर रुनु उसको स्वभावका पहिचान हुन्। कथामा एकमात्र नारी पात्रका रूपमा उसको प्रतिनिधित्व रहेको छ। उसको पारिवारिक पृष्ठभूमि भने कथामा खुलाइएको छैन।

### ३.२.४ भाषिक पहिचान र प्रतिनिधित्व

'परिबन्द' कथालाई भाषिक सबाल्र्टनका कोणबाट पनि विश्लेषण गर्नु आवश्यक छ। भाषाका दृष्टिले हेर्दा कथामा पुरानो विचारी पद्मनिधि, सुब्बाबाजे, भोजराज बाजे, गुरुज्यू नेपाली मातृभाषी भएकाले प्रभुत्वशाली वर्गमा पर्छन् भने रने, सेती, काल्चा नेवार अन्य मातृभाषी भएकाले सबाल्र्टन वर्गमा पर्छन्। यस कथामा सार्वजनिक, औपचारिक र सरकारी कामकाजमा सबाल्र्टन पात्रहरू जानी–नजानी नेपाली भाषामा बोल्न बाध्य छन्। मुख्यतः रने यस दृष्टिले उत्पीडनमा परेको देखिन्छ। ऊ विचारीले नेपाली भाषामा गरेका कानुन र परिबन्दका कुरा नबुझेर अलमल्ल परेको छ। प्रभुत्वशाली वर्गका पात्र रनेलाई प्रभुत्वशाली वर्गले अनादरार्थी भाषाशैलीको प्रयोग गरेका छन्। विचारीले रनेलाई भनेको प्रस्तुत भनाइले यस कुराको पुष्टि गर्दछ :

*'नबिराएको भए किन भागिस् लाटा ?', 'अब के गर्छस् बाबै ! सबैले तँलाई ठहऱ्याएर ल्याएछन्'* (पृ. ७७)।

अभिजात वर्गका पात्रहरूले एक–आपसमा आदरार्थी भाषाशैलीको प्रयोग गरेका छन् भने सबाल्र्टन पात्रप्रति अनादरार्थी र अपमानजनक भाषाशैलीको प्रयोग गरेका छन्। यस दृष्टिले हेर्दा अरू आधारमा सबाल्र्टन बनेका पात्रहरू पनि भाषिक दृष्टिले सबाल्र्टन बनेका छन्। उनीहरू आफ्नो मातृभाषामा औपचारिक कुरा गर्न बञ्चित देखिन्छन्।

कथामा रनेको प्रतिनिधित्व नेपाली इतर मातृभाषीको प्रतिनिधित्व गराइएको छ भन्ने पाइन्छ। उसको बोलीचालीको पहिचान कथामा प्रस्तुत छ। प्रस्तुत साक्ष्यले उसको बोलीको पहिचान दिएको छ :

*'सरखार! त्यति भाग्न मैले जानेनछ'* (पृ. ७७)।

यो कथामा सबाल्र्टन पात्रको भाषा तथा बोलीचालीको पहिचान र प्रतिनिधित्व भएको पाइन्छ। सबाल्र्टनको मातृभाषाको पहिचान र प्रतिनिधित्व नभए पनि उनीहरूले बोलेको नेपाली भाषाशैलीलाई प्रस्तुत गरिएको पाइन्छ।

## ३. …परिबन्द□ कथामा सबाल्टर्नको आवाज र प्रतिरोध चेतना

सबाल्र्टनको आवाज र प्रतिरोध चेतनाका दृष्टिले पनि 'परिबन्द' कथाको विश्लेषण गर्नु आवश्यक छ। यस कथामा प्रमुख केन्द्रीय पात्र रनेको आवाजको पहिचान र प्रतिनिधित्व पाइन्छ। सेतीले आफ्नो पति रनेसँग मात्र खुलस्त सबै कुरा भन्न सकेकी छ। औपचारिक र सार्वजनिक स्थानमा उसको आवाज कथामा प्रकट गराइएको छैन। सबाल्र्टन पात्रमध्ये रनेको आवाज कथामा प्रस्तुत भएको छ। सबाल्र्टन पात्र उसले अड्डा–अदालतमा 'ज्यू, हजूर र बिन्ती' शैलीमा भए पनि प्रकट

गर्न सकेको छ। विशेष गरी विचारी पद्मनिधिसँग उसले आफ्नो मुद्दाका बारेमा सोधेको छ र आफू निर्दोष भएको कुरा पटक–पटक दोहोऱ्याएको छ। उसको आवाजका केही साक्ष्यहरू यस्ता छन्:

*'खै हजूर, मान्छे राम्रो भएर के गर्नु कर्म राम्रो चाइँदो रै छ।'*

*'बुझ्नैँ, कसो होला हजूर मेरो मुद्दा ?'*

*'खाएको बिख पो लाग्छ हजूर, नखाएको बिख लाग्न नपर्ने हजूर'* (पृ. ७५)।

रनेले प्रकट गरेको यस भनाइमा आफ्नो मनको अन्तर्वेदना पाइन्छ। उसको बोलीमा वर्गीय र जातीय प्रभाव परेको छ। ऊ आफै सामान्य र सोझो तर्क गरेर बोलेको छ। उसको मुद्दाका बारेमा उसकी पत्नी सेती ऊसँग मात्र बोल्न र सोध्न सक्छे। साक्षी बस्दा कीरालाई नमार भनेकी हो भने पनि त्यसको सुनुवाइ र कदर भने गरिएको छैन। उल्टो अर्थ लगाइएको मात्र छ। रनेका बारेमा बोलिदिने अरू पात्र कोही छैन। सबाल्र्टन र प्रभुत्वशाली अरू कसैले ऊमाथि परेको अन्यायका बारेमा बोलेका छैनन्। विचारीले ऊ निर्दोष भएको अनुमान गरेर उसँग दया र सहानुभूति प्रकट गरेजस्तो मात्र गरेको छ। आखिर ऊ पनि शक्तिकेन्द्रको मान्छे र सरकारी जागिरे हो। ऊ अनेक प्रमाण र साक्षीहरूले ऊ हत्यारा सावित भएको पुष्टि गरेर उसलाई सुनाउनमा तल्लीन छ। एक्लो बनेको रने र उसकी पत्नी सेतीको बोलीको कदर छैन। उनीहरूको बोलीमा दम छैन। उनीहरूको बोलीले प्रभुत्वशाली वर्गमा कहीँ कतै पनि प्रभाव परेको पाइँदैन। जे होस्, सबाल्र्टनको आवाजको पहिचान र प्रतिनिधित्व सीमित मात्रामा भए पनि यस कथामा गराइएको छ।

सबाल्र्टन वर्गको प्रतिरोधको चेतनाका दृष्टिले पनि 'परिबन्द' कथा विवेच्य छ। यस कथामा सबाल्र्टन पात्रहरू कोही पनि सबल छैनन्। सामन्ती शासन सत्ता र शक्तिकेन्द्रप्रति उनीहरू नतमस्तक छन्। उनीहरू निरीह छन्। उनीहरूमा वर्गीय, जातीय, भाषिक आदि कुनै किसिमको चेतना छैन। सत्ताकेन्द्रले गरेका हरेक निर्णयलाई शिरोपर गर्नु उनीहरूको प्रवृत्ति बनेको छ। रनेबाहेकका अरू सबाल्र्टन पात्रहरू त बोलेका पनि छैनन्। सबाल्र्टन पात्रहरूमा छिटै प्रतिरोधको चेतना विकसित हुने लक्षण पनि देखिँदैन। उनीहरू लामो समयसम्म सबाल्र्टनकै रूपमा रहने स्थिति छ। प्रभुत्वशाली वर्गले हरेक पक्षमा उनीहरूलाई दबाएर राखेको छ। सबाल्र्टनको भौतिक उपस्थिति बाहेक अरू कुनै कोणबाट पनि उनीहरूको अस्तित्व र पहिचानलाई स्वीकार गरेको पाइँदैन। कथामा भने उनीहरूको पहिचान, प्रतिनिधित्व र भूमिकालाई राम्रैसँग प्रस्तुत गरिएको छ। यति हुँदाहुँदै पनि प्रतिरोध चेतनाका दृष्टिले यो कथा सबाल्र्टनमैत्री बन्न सकेको छैन।

## ४. निष्कर्ष

पुष्कर शमशेर एक आधुनिक नेपाली कथाकार हुन्। सामाजिक विषयवस्तुलाई तार्किक शैलीमा प्रस्तुत गर्नु उनको वैशिष्ट्य हो। थोरै कथा लेखेर पनि चर्चित बनेका शमशेरको प्रतिनिधि कथाका रूपमा परिबन्दलाई लिने गरिन्छ। उनको यो कथा सबाल्र्टन अध्ययनका दृष्टिले उपयोगी र महत्त्वपूर्ण छ। सबाल्र्टन अध्ययनका कोणबाट विश्लेषण गर्दा यस कथामा सबाल्र्टनको वर्गीय, जातीय, लैङ्गिक तथा भाषिक पहिचान र प्रतिनिधित्व भएको पाइन्छ। हरेक कोणबाट सबाल्र्टन बनाइएको रनेलाई कथाको केन्द्रीय पात्र बनाइएको छ। उसलाई पहिचानसमेत खुलाएर प्रस्तुत गरिएको छ। सबाल्र्टनको आवाज र प्रतिरोधको चेतनाका दृष्टिले भने यो कथा सशक्त बन्न सकेको छैन। सबाल्र्टन पात्रलाई सशक्त, प्रतिरोधी र विद्रोही बनाउन आफै प्रभुत्वशाली वर्गका कथाकारलाई तत्कालीन परिवेशले गर्दा असहज भएको पाइन्छ। सबाल्र्टन पात्र अन्यायमा परेको देखाएर ऊप्रति पाठकका मनमा सहानुभूति जगाउनु र सामान्य व्यङ्ग्य भाव प्रकट गर्नु उनको सकारात्मक पक्ष हो। तत्कालीन सामन्तवादी न्याय प्रणालीलाई बदल्नका लागि र निर्दोष पात्रलाई अन्यायमा पर्न नदिनका लागि कथाकारबाट जति योगदान हुनु पर्थ्यो, त्यति भएको पाइँदैन। विचारी लामिछानेलाई मुख्य पात्र बनाएर परिबन्दले गर्दा चोर साधु र साधु चोर हुन सक्छ भन्न लगाउनु र त्यसैमा चित्त बुझाउनु सामान्य लेखकीय धर्मको पालना

पनि नभई यथास्थितिकै पक्षपोषण हो भन्ने ठाउँ रहेको छ। कथाकारले अरू पात्रलाई अन्यायमा परेको रनेका पक्षमा बोल्न लगाएका छैनन् र आफूले पनि बोलेका छैनन्। जे होस्, तत्कालीन सामान्तवादी शासनकालमा प्रभुत्वशाली वर्गका लेखकले यस कथामा सबाल्र्टन वर्गका पात्रलाई प्रतिनिधित्व गराई उसको पहिचानसमेत खुलाएर र केन्द्रीय भूमिका उपलब्ध गराएर सकारात्मक भूमिका निर्वाह गरेकाले यो कथा सबाल्र्टनमैत्री बनेको पाइन्छ।

## सन्दर्भसामग्री सूची

देवकोटा, पदमलाल. र नेत्रकुमार ओझा. २०६६. **मानवशास्त्रमा सैद्धान्तिक दृष्टिकोण** (प्र.संस्क.). काठमाडौँ : एकेडेमीक बुक सेन्टर.।

पाण्डेय, ताराकान्त. २०७०, असार. **संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद**. **भृकुटी–१९**. पृ. १७३–१९३.।

लामिछाने, यादवप्रसाद. र गीता, लामिछाने. २०७४. **नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा** (दो.संस्क.). काठमाडौँः विद्यार्थी पुस्तक भण्डार.।

शर्मा, मोहनराज. २०७०, असार. **अवरजन अध्ययन र साहित्य**. **भृकुटी–१९**. पृ. ३१४–३२५.।

सुब्बा, मनप्रसाद. सन् २०११. **लेखनमा किनारीकरणको कुरा**. **किनारा विमर्श** (सम्पा. मनप्रसाद र रेमिका थापा). दार्जिलिङ् : गामा प्रकाशन.।